# भिरकोट नगरपालिकाको उप-प्रमुख
# सिमा के.सी. कर्माचार्यज्यूले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष ०७७/०७८ को बजेट

## भीरकोट नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

वयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

२०७७

## आर्थिक वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रमः-

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को संक्रमणको विषम परिस्थितीमा भीरकोट नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को बजेट यस सम्मानीत सभामा प्रस्तुत गर्दैछु। यस घडीमा प्रजातान्त्र र लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि इतिहासाका विभिन्न काल खण्डमा भएका आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु।

२. यस नगरपालिकाको छैटौ नगर सभामा बजेट प्रस्तुत गर्दा कोरोना भाइरसबाट नागरिकको जीवन रक्षा गर्ने र भीरकोट नगरपालिकाको अर्थतन्त्रलाई गतिशिल बनाउने गहन जिमेवारी बोध भएको छ। विगत ३ वर्षे अवधिको अथक प्रयासबाट हाँसिल भएको उपलब्धीलाई संस्थागत गर्न र नगरपालिकाको विकास र सम्बृद्धिको यात्रालाई निरन्तरता दिने मार्गमा कोरोना महामारीका कारण धक्का पुगेको छ । यस सम्बन्धमा उपस्थित जनप्रतिनिधी,राजनैतिक दल, संघ संस्था र आम नागरिकको सहयोग र एक्यबद्धताले वर्तमान चुनौतिको सामना गर्न सकिने कुरामा हामी विश्वस्त छौ ।

३. आर्थिक वर्ष २०७७/०७८ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ र प्रचलित अन्य कानूनहरु, छैटौ नगर सभामा पेश भएको नीति

तथा कार्यक्रम, १५औ पञ्चबर्षिय योजना, दिगो विकासको लक्ष्य, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट निर्धारण समिति, राजनीतिक दल, बजेट तथा कार्यक्रम तर्जुमा समिति, संघ संस्था तथा विद्धतवर्गहरुबाट प्राप्त राय सुझाबहरुलाई समेत समावेश गरी बजेट तर्जुमा गरिएको छ ।

**अध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्ष २०७६/०७७ को हाल सम्मको प्रगति प्रतिवेदन संक्षिप्त रुपमा सभामा प्रस्तुत गर्ने अनुमती चाहन्छु।

चालु आर्थिक वर्ष २०७६/०७७ मा **चालु खर्च तर्फ** १० करोड ३८ लाख ४ हजार १ सय ५९ रुपैया विनियोजन भएकोमा ८ करोड २५ लाख ८९ हजार ४ सय २९ रुपैया ९२ पैसा मात्र खर्च भइ ७९.५६ प्रतिशत प्रगति भएको छ।

**यसैगरी पुँजिगत तर्फ** १२ करोड ९७ लाख २५ हजार विनियोजन भएकोमा ९ करोड ३४ हजार १ सय ९० रुपैया खर्च भई ६९.४० प्रतिशत वित्तिय प्रगति हासिल भएको छ ।

**शशर्त अनुदान तर्फ** १८ करोड १ लाख ९१ हजार प्राप्त भएकोमा १६ करोड ५४ लाख १५ हजार ७ सय ३३ रुपैया खर्च भइ ६९.४ प्रतिशत प्रगति भएको छ ।

**चालु आर्थिक वर्षमा ४४ करोड ७६ लाख ९२ हजार कुल विनियोजन भएकोमा आन्तरिक आम्दानी तर्फ** रु १ करोड २५ लाख

अनुमान गरिएकोमा रु ८६ लाख मात्र आन्तरिक आम्दानी भइ रु ३९ लाख कम आम्दानी भएको तथा संघीय राजश्व बाडँफाडबाट प्राप्त हुने रकम रु ७ करोड २३ लाख प्रस्ताव गरिएकोमा ४ करोड १८ लाख १ हजार ३ सय ५० रुपैया मात्र प्राप्त भइ ३ करोड ४३ लाख ९८ हजार ६ सय ५० रुपैया कम आम्दानी भएको छ। विगत आर्थिक वर्षमा खर्च नभइ २ करोड संचित कोषमा दाखिला हुने अनुमान भएकोमा १ करोड ३१ लाख मात्र संचित कोषमा दाखिला भई ६९ लाख न्युन हुन गई कुल ४ करोड ५१ लाख ९८ हजार ६ सय ५० रुपैया कम आम्दानी भएकाले तोकिए बमोजिमका योजना तथा कार्यक्रमहरु चालु आर्थिक वर्षमा सम्पन्न हुन कठिनाइ भएको व्यहोरा सम्मानित सभामा जानकारीका लागि प्रस्तुत गर्दछु ।

अब म भीरकोट नगरपालिकाको आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेटका उद्देश्य तथा प्राथामिकता प्रस्तुत गर्ने अनुमती चाहन्छु। प्रस्तुत बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन।

- कोरोना भाइरसको संक्रमण लगायत सबै प्रकारका रोग र विपद्बाट नागरिकको जीवनरक्षा गर्दैं जनजीवनलाई सहज र सुरक्षित बनाउने।

- उपलब्ध स्रोत, साधन तथा अवसर र क्षमताको उच्चतम परिचालन गरी नगरपालिकाको समग्र विकासको गतिलाई निरन्तरता दिने।
- आर्थिक, सामाजिक, भौतिक पूर्वाधारको विकास गरि **सम्बृद्ध भीरकोट सुखी भीरकोटबासी**को अभियनलाई पूर्णता दिने।
- भीरकोटबासी नागरिकहरुका आधारभूत आवश्यकताहरुको परीपूर्ति गर्ने।

**४. प्रस्तुत बजेटका उद्देश्यहरु हासिल गर्न देहायका प्राथमिकता निर्धारण गरिएको छ।**

- नगरबासीको मुख्य पेशाको रुपमा रहेको कृषि तथा पशुपालन व्यवसायको विकास र प्रबर्धन गर्ने ।
- स्वच्छ पिउनेपानी, प्राविधिक एवं गुणस्तरीय शिक्षा, सूचना प्रविधिको विकास लगायत सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको निर्माण गर्ने ।
- कोरोना भाइरस लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रुपमा उपलब्ध गराउने, स्वास्थ्य सेवाको दायरा विस्तार गर्ने र स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण तथा स्तरोन्नती गर्ने ।
- कोरोना भाइरसको कारणबाट रोजगार गुमाएका बेरोजगार यूवा यूवतीहरुको लागि रोजगारीको अवसर सृजना हुने योजना तथा कार्यक्रमहरु संचालन गर्ने ।

**अध्यक्ष महोदय**

अव म समग्र नगरपालिकाको वजेट तथा कार्यक्रमलाई क्षेत्रगत रुपमा विनियोजन गरी प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## पुर्वाधार विकास तर्फ

१. संघीय सरकार र प्रदेश सरकारको सहलगानीमा नगरपालिकाको प्रशासकीय भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको र आगामी आर्थिक वर्षमा प्रशासकीय भवनको बाँकी निर्माण कार्य सम्पन्न गर्न रु १ करोड र कार्यालय फनिसिङ्गको लागि रु ६० लाख विनियोजन गरेको छु ।

२. प्रदेश समपुरक शिर्षकबाट वडा नं ५ को वडा कार्यालय भवन र पहुचमार्ग निर्माण, छाङ्गछाङ्गदी छायाक्षेत्र मन्दिर पूर्वाधार निर्माण, वडा नं ७ को मुलपानी, माझीबस्ती, वडा कार्यालय पहुँच मार्ग र संघीय समपुरक अनुदान तर्फ गडहरे गुफाको पूर्वाधार निर्माण योजना स्वीकृत भई निर्माण कार्य सञ्चालन भइ रहेकोमा सो को सहलगानी वापत रु २ करोड विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

३. बस्ती तथा वडास्तरबाट प्राथमिकताक्रम तोकि आएका आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि प्रत्येक वडा कार्यालयहरुलाई रु २५ लाखका दरले रकम विनियोजन

गरेको छ । उक्त रकमबाट प्रत्येक वडामा कम्तिमा रु १० लाखको एउटा वा रु ५/५ लाखका २ वटा योजना सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४. **एक वडा एक जेष्ठ नागरिक दिवा केन्द्र** निर्माण गर्ने कार्यक्रम अनुसार वडा नं १ को बयरघारी बजारमा निर्माणाधिन भवन सम्पन्न गर्नको लागि रु १५ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

५. उपभोक्ताहरुलाई सहज र गुणस्तरीय निर्माण सामाग्रीहरु उपलब्ध गराउन र आन्तरिक आम्दानी बृद्धि गर्नको लागि आँधिखोलाको ढुंगा, गिट्टी, बालुवा प्रशोधन मेसिन खरिद र स्थापनाको लागि रु ९० लाख रकम विनियोजन गरेको छु।

६. कार्यालयको कामलाई छिटो छरितो र समयमै सम्पादन गर्न, संघ र प्रदेश सरकारसँग समन्वय गर्न, सवारी साधन भाडाको खर्च कटौती गर्न तथा संघ प्रदेश र यस नगरपालिकावाट सन्चालित योजनाहरुको समयमै अनुगमन गरी गुणस्तरीयता तथा पारदर्सिता कायम गर्ने हेतुले सवारी साधनको आवश्यकता वोध भई सवारी साधन खरिदको लागि रु ४८ लाख विनियोजन गरेको छु ।

७. नगर क्षेत्रभित्रका छाडा चौपाय गाई बस्तुहरुहरुको व्यवस्थापन कार्यका लागि वडा नं ४ को दभुङ्गमा गौशाला निर्माण गरिएको र गौशालाको संचालन र व्यवस्थापनको लागि रु ५ लाख विनियोजन गरिएको छ ।

८. आर्थिक वर्ष २०७७/०७८ मा नगरपालिकाको स्रोत र साधनबाट कार्यान्वयन हुन नसक्ने आयोजना तथा कार्यक्रमहरुको योजना बैक तयार गरी कार्यान्वयनको लागि प्रदेश तथा संघीय सरकारसंग अनुरोध गर्ने व्यवस्था मिलाइएको छ।

९. वडा कार्यालय भवन नभएका वडाहरुमा वडा कार्यालय भवन निर्माणका लागि जग्गा खरिद गर्न रु १० लाख र जग्गा उपलब्ध भए पछि भवन निर्माण कार्य सुरु गर्नको लागि रु ३० लाख रकम विनियोजन गरेको छु।

१०. नगरका गैरवका आयोजनाहरु सन्चालन गर्न, अधुरा आयोजनाहरुलाई पुर्णता दिन तथा तत्काल गर्नुपर्ने विकास निर्माणका कार्यहरु संचालन गर्न नगरक्षेत्र पूर्वाधार शिर्षकमा रु ८० लाख विनियोजन गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

११. भीरकोट नगरपालिका भित्रका सडकहरुको मापदण्ड कायम गर्न नगरसडक गुरुयोजना (MTMP) निर्माणको कामलाई अगाडि वढाउन वजेटको व्यवस्था मिलाइएको छ ।

१२. संघीय सरकारको विशेष अनुदान शिर्षक अन्तर्गत नगरपालिकाको फोहोर मैला व्यवस्थापन केन्द्र र पार्क निर्माण कार्यको लागि रकम स्वीकृत भइ निर्माणकार्य भइरहेको छ। आगामी आर्थिक वर्षमा समेत यस कार्यालाई निरन्तरता दिई नगरस्तरबाट सृजित फोहोरहरुको निरन्तर रुपमा उचित

व्यवस्थापन गरी फोहरलाई मोहरमा परिणत गर्ने व्यवस्था मिलाइएको छ ।

१३. यस नगरपालिका अन्तरगतका ग्रामिण सडकहरु मध्ये **एक वडा एक रणनैतिक सडक** स्तरोउन्नती कार्यको थालनी गरिनेछ।

## सामाजिक विकास तर्फः-

१४. मेयरसंग जेष्ठ नगरिक कार्यक्रम अन्तरगत जेष्ठ नागरिकहरुसँग भेटघाट गरी निजहरुको ज्ञान, शिप र अनुभवलाई अन्तरपुस्ता हस्तान्तरण गर्ने र जेष्ठ नागरिकहरुको सम्मान गर्ने कार्यक्रममा रु ५ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

१५. नगरपालिका भित्र रहेका अति गरीब, विपन्न तथा असाहय व्यक्ति, परिवार र बस्तीहरुको उत्थानका लागि मेयरसंग विपन्न कार्यक्रममा रु २० लाख विनियोजन गरेको छु।

१६. भीरकोट नगरपालिकालाई पूर्ण सरसफाई नगरपालिका बनाउन विपन्न र अति गरीब घर परिवारको पूर्व पहिचान गरी आवश्यकता र मागको आधारमा न्यूनतम शौचालय निर्माण सामाग्री उपलब्ध गराउन रु १५ लाख विनियोजन गरेको छु ।

१७. नेपाल सरकारबाट महिला तथा बालबालिका शिर्षकमा विनियोजित शशर्त अनुदानमा प्राप्त हुने रकमको अतिरिक्त नगरपालिकाबाट महिलाहरुको शिप र क्षमता विकासको लागि

**उप मेयरसंग महिला कार्यक्रम**को लागि रु १५ लाख विनियोजन गरेको छु ।

१८. शिक्षा तर्फ संघीय सरकार तथा प्रदेश सरकारबाट शैक्षिक तथा भौतिक क्षेत्र सुधार कार्यक्रमलाई शशर्त अनुदान वापत प्राप्त हुन आएको रकमको अतिरिक्त भीरकोटको शैक्षिक गुणस्तर सुधारको लागि रु ५ लाख विनियोजन गर्ने व्यवस्था मिलाइएको छ।

१९. भीरकोट नगरपालिका भित्रका सामुदायिक क्याम्पसमा अध्ययनरत गरीब तथा जेहन्दार विद्यार्थीहरुको लागि छात्रबृत्ती वितरण गर्न रु २ लाख विनियोजन गर्ने व्यवस्था मिलाइएको छ।

२०. भीरकोट नगरपालिकालाई २०७६ चैत्र मसान्त भित्र बालमैत्री नगरपालिका घोषणा गर्ने तयारी रहेको अवस्थामा हाल विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड १९) को कारणले स्थगित हुन गएकोमा आगामी वर्ष २०७७/०७८ भित्र बालमैत्री नगरपालिका घोषणा पूर्ण तयारीका कार्य र सो को निरन्तरताको लागि रु २० लाख विनियोजन गरेको छु।

२१. नगरपालिकामा रहेका वेरोजगार युवा युवतीहरुको सीप र क्षमताको आधारमा उनीहरुलाई विभिन्न योजना तथा कार्यक्रमहरुमा संलग्न गराइ रोजगार सृजना गर्ने कार्यको लागि स्वरोजगार कार्यक्रममा रु १० लाख विनियोजन गर्ने व्यवस्था मिलाइएको छ।

२२. नगरपालिकामा रहेका दलित, मुस्लिम तथा अल्पसंख्यक जातीहरुको परम्परागत सीप, व्यवसायको संरक्षण,सम्बर्द्धन एवम् निजहरुको सीप र क्षमता विकासको लागि रु १० लाख विनियोजन गरेको छु।

२३. नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै संघीय सरकारवाट सशर्त कार्यक्रममा विनियोजित वजेटको अतिरिक्त अत्यावश्यक औषधी खरिद तथा शुरक्षित मातृत्व गर्भवती महिलाहरुको लागि पोषण कार्यक्रम सन्चालन गर्नको लागि रु १५ लाख विनियोजन गरेको छु ।

## आर्थिक विकास तर्फः-

२४. कृषि विकास तर्फ संघीय सरकारबाट सशर्त अनुदान बजेटमा प्राप्त रु ४० लाख र संघीय सरकारबाट विशेष अनुदानमा प्राप्त रु १ करोडको अतिरिक्त भीरकोट नगरक्षेत्रमा कृषि विकासलाई प्राथमिकताका साथ अगाडि बढाउन, कृषिमा आधुनिक प्रविधिको शुरु गर्न, अनुदानमा हाते टक्याटर,प्लाष्टिक टनेल उपलब्ध गराउन, एक घर **एक करेसाबारी एक गाँउ एक नर्सरी** कार्यक्रमका लागि बिउ उपलब्ध गराउन, **एक गाँउ एक उत्पादन, अर्गानिक तरकारी खेती प्रर्वद्धन,** कृषि पाठशाला कार्यक्रम नमुना कृषि फारमका लागि जग्गा भाडामा लिन, निबुवा, कुरिलो, कफी, अलैची, सुन्तलाजातका फलफुलको वेर्ना

वितरण, मल विउ, कृषि औजारको खरिद गरी वितरण गर्ने कार्यका लागि रु ५० लाख विनियोजन गरेको छु ।

२५. नगरपालिका भित्रका पर्यटकीय, ऐतिहासिक र धार्मिक स्थलहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्यका लागि रु ३० लाख विनियोजन गरेको छु।

२६. पशु सेवा तर्फ सशर्त अनुदानका अतिरिक्त नगरपालिकाको तर्फबाट नमुना पशु विकास फ.

२७. र्मको स्थापना, उन्नत जातका बोका, चल्लाको वितरण र पशु विकास सम्बन्धी अन्य कार्यक्रम समेतका लागि रु २० लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

२८. कृषि तथा पशुपालन व्यवसायमा संलग्न व्यवसायी कृषकहरुलाई कृषि औजारहरु, मल, वीउ र वेर्ना उपलब्ध गराउदा ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाईएको छ।

२९. धार्मिक तथा पर्यटकीय विकासका सम्भावना बोकेका भीरकोट कालिका, छाङ्गछाङ्गदी, स्वरेक मैदान, केघा भञ्याङ्ग, गडहरे गुफा, मुल्काबराह, कोखेको झरना, देउपुजे ढुंगा, नारायणगिरी बाबा मन्दिर, खिलुङ्ग कालिका, ओकादी समेतका पर्यटकीय क्षेत्रहरुको विकास र प्रवर्द्धन गर्न रु १५ लाख रकम विनियोजन गरेको छु।

३०. भीरकोट नगरपालिका वडा नं ५ मा रहेको स्वरेक मैदान पर्यटन पूर्वाधार निर्माणको लागि पर्यटकीय गन्तव्य स्थल शिर्षक

अन्तर्गत संघ र प्रदेश सरकारबाट रु १ करोड ३० लाख रकम विनियोजन भइ निर्माण कार्य संचालन भइरहेको व्यहोरा सम्मानित सभालाई जानकारी गराउछु ।

## बातावरण तथा विपद् व्यवस्थापन तर्फः-

३१. नगरपालिका भित्र सडक खानेपानी लगायतका भौतिक पूर्वाधार निर्माण आयोजनामा विनियोजित बजेटको निश्चित रकम छुटयाइ उक्त रकमबाट सडकको दायाँ बायाँ डालेघाँस, अम्रिसो लगायतका घाँस एवम फलफुलका विरुवाहरु रोपण गरी विकास निर्माणको कार्यहरुलाई बातावरण मैत्री, **हरित नगर** वनाउने व्यवस्था मिलाइने छ।

३२. विश्वमा माहामारीको रुपमा फैलिएको कोरोना भाइरस र अन्य संक्रामक रोगहरुको रोकथाम एवम् नियन्त्रणका लागि संक्रामक रोग, प्रकोप तथा कोरोना व्यवस्थापन एवम् प्रति रक्षाकोषमा रु ५० लाख विनियोजन गरेको छु।

३३. आँधिखोला, लुब्दिखोला, गोदिखोला, दरौखोला समेतका खोलाहरुमा तटबन्धन गर्न संघीय र प्रदेश सरकारसंग समन्वय गरि नदि नियन्त्रण एवम् बस्ती संरक्षणको कार्य संचालन गर्ने व्यवस्था मिलाएको छु।

३४. मानवीय तथा प्राकृतिक कारणले उत्पन्न विपद्को व्यवस्थापन कार्यको लागि तत्काल राहत उपलब्ध गराउन

दैविप्रकोप तथा विपद् व्यवस्थापन कोषमा रु २५ लाख विनियोजन गरेको छु।

३५. नगरक्षेत्रमा विभिन्न सरसफाईका सामाग्री खरिद, तालिम तथा सचेतना कार्यक्रम र विभिन्न दिवस, समारोह संचालन तथा व्यवस्थापन कार्यका लागि रु १० लाख विनियोजन गरेको छु।

## संस्थागत विकास तथा सेवा प्रवाह एवं सुशासन तर्फ

३६. नगरपालिकाबाट सम्पादन हुने कामलाई पारदर्शी तथा सेवाग्राही प्रति उत्तरदायी नगरपालिका बनाउनका लागि, सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण लगायतका कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३७. नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारी तथा पदाधिकारीहरुको सीप तथा क्षमता विकासका लागि आवश्यक रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

३८. नगरपालिका र वडा कार्यालयहरुको काम सुचना प्रविधीको माध्यामवाट चुस्त दुरस्त एवं छिटो छरितो रुपमा सम्पादन गर्नका लागि सफ्टवयर जडान तथा सन्चालन खर्चमा रु ८ लाख रकम विनियोजन गरेको छु ।

## अध्यक्ष महोदय

अव म आगामी आर्थिक वर्ष २०७७/७८ को अनुमानित आय र व्ययको विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## अनुसूची - २
## (दफा २ सँग सम्बन्धित)
## राजश्व तथा अनुदान प्राप्तिको अनुमान

| सि.नं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | संघीय समानीकरण अनुदान | १०२२०००००.०० | |
| २ | प्रदेश समानीकरण अनुदान | १२०५००००.०० | |
| ३ | संघीय राजश्व बाँडफाँड | ७०९८१०००.०० | |
| ४ | प्रदेश राजश्व बाँडफाँड | ३४६८०००.०० | सवारी साधन कर |
| ५ | संघीय समपुरक अनुदान | ७९०००००.०० | |
| ६ | प्रदेश समपुरक अनुदान | १००००००.०० | |
| ७ | संघीय विशेष अनुदान | २५००००००.०० | |
| ८ | प्रदेश विशेष अनुदान | .०० | |
| ९ | सशर्त अनुदान | २०७२०००००.०० | |
| १० | घटना दर्ता तथा पन्जीकरण सम्वन्धी | ३००००००.०० | |
| ११ | सामाजिक शुरक्षा | ११००००००.०० | |
| १२ | आन्तरीक आम्दानी | २३००००००.०० | |
| १३ | सडक वोर्ड नेपाल | ५००००००.०० | |
| | जम्मा प्रस्तावित आम्दानी विवरण | **५७९७९९०००.००** | |
| | चालु खर्च | ४४३४९९०००.०० | |
| | पुजीगत खर्च | १३६३०००००.०० | |

## अनुसूची-३

# ब्यय अनुमान

## भीरकोट नगरपालीकाको आ.व.२०७७/०७८को चालु अनुमानित बजेट

| सि.नं. | बजेट रकम | बजेट रकम नं | आव2०७५/०७६ मा विनियोजित रकम | आव२०७६/०७७ मा विनियोजित रकम | आ व २०७७/०७८ |
|---|---|---|---|---|---|
| १ | तलब | २११११ | १२०२५०००।० | १५५५८०००।० | १५००००००।० |
| २ | पदाधिकारी पारीश्रमिक | २१११२ | ८९८५०००।०० | ९००००००।० | ११००००००।० |
| ३ | कर्मचारी पोशाक | २११२१ | ४६००००।०० | ८०००००।० | ८०००००।० |
| ४ | महंगी भत्ता | २११३२ | ६०४०००।०० | ७०००००।० | ७०००००।० |
| ५ | कर्मचारी फिल्ड भत्ता | २११३३ | ३६०००।०० | ४००००।० | ४००००।० |
| ६ | कर्मचारी बैठक भत्ता | २११३४ | ३०००००।०० | ०।०० | १०००००।०० |
| ७ | कर्मचारी अन्य भत्ता | २११३९ | ७६६५००।०० | ३००००००।०० | २००००००।०० |
| ८ | पदाधिकारी बैठक भत्ता | २११४१ | ०।०० | १०००००।०० | १०००००।०० |
| ९ | बिमाकोष खर्च | २१२१३ | २५०००।०० | २५०००।०० | ५०००००।०० |
| १० | कल्याणकोष खर्च | २१२१४ | ४०००००।०० | ३८३५६४।०० | ५०००००।०० |
| ११ | पानी विजुली | २२२११ | ५०००००।०० | ६०००००।०० | ६०००००।०० |
| १२ | सञ्चार महशुल | २२२१२ | ६०००००।०० | १००००००।०० | १२०००००।०० |
| १३ | पदाधिकारी इन्धन | २२२११ | ३५०००००।०० | ३५०००००।०० | २००००००।०० |
| १४ | कार्यालय इन्धन | २२२१२ | २३०००००।०० | ३५०००००।०० | ७५०००००।०० |
| १५ | सवारी साधन मर्मत | २२२१३ | ३३०००००।०० | २६०००००।०० | ४००००००।०० |
| १६ | विमा तथा नवीकरण दस्तुर | २२२१४ | ३०००००।०० | ४५००००।०० | ५०००००।०० |
| १७ | मेशीनरी औजार मर्मत | २२२२१ | ४०००००।०० | ५०००००।०० | ६०००००।०० |
| १८ | निर्मित सार्व संस्था मर्मत | २२२३१ | १००००००।०० | ५०००००।०० | ५०००००।०० |
| १९ | कार्यालय सामान | २२३११ | ४००००००।०० | ५००००००।०० | ४५०४०००।०० |
| २० | इन्धन अन्य प्रयोजन | २२३१४ | १०००००।०० | २०००००।०० | १०००००।०० |
| २१ | छपाइ तथ सूचना प्रकाशन | २२३१५ | १५०००००।०० | १५०००००।०० | १५०००००।०० |
| २२ | सेवा तथा परामर्श | २२४११ | ४५००००।०० | ३००००००।०० | ३७०००००।०० |
| २३ | सफ्टवेयर संलालन खर्च | २२४१२ | १००००००।०० | ५०००००।०० | ८०००००।०० |
| २४ | करार सेवा शुल्क | २२४१३ | ९२०००००।०० | १२२७९०००।०० | ११५०००००।०० |
| २५ | सरसफाइ सेवा शुल्क | २२४१४ | १००००००।०० | १००००००।०० | ५०००००।०० |
| २६ | अन्य सेवा शुल्क | २२४१९ | ३०००००।०० | २०००००।०० | १०००००।०० |
| २७ | कर्मचारी कर्मचारी तालीम | २२५११ | ०।०० | ५०००००।०० | ५०००००।०० |
| २८ | न्यायीक समिती क्षमता विकास | २२५११ | ०।०० | ५०००००।०० | ७०००००।०० |
| २९ | शिप विकास तालीम | २२५१२ | १५०००००।०० | १३०००००।०० | १५०००००।०० |
| ३० | सार्वजनिक सुनुवाइ कार्यक्रम | २२५१२ | २०००००।०० | ०।०० | १५००००।०० |
| ३१ | बालमैत्री शासन कार्यक्रम | २२५२२ | १५०००००।०० | ४५०००००।०० | २००००००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | युवा तथा खेलकुद कार्यक्रम | २२५२२ | १०००००००।०० | २०००००००।०० | १५००००००।०० |
| ३३ | शैाचालय सामाग्री वितरण | २२५२२ | २९६०००००।०० | ३०००००००।०० | १५००००००।०० |
| ३४ | दैवी प्रकोप तथा विपद व्यबस्थापन | २२५२९ | ३१००००००।०० | ३०००००००।०० | २०००००००।०० |
| ३५ | विविध कार्यक्रम | २२५२९ | २००००००।०० | ५००००००।०० | ५००००००।०० |
| ३६ | अनुगमन तथा मुल्यांकन | २२६११ | १५००००००।०० | २०००००००।०० | १०००००००।०० |
| ३७ | पदाधिकारी भ्रमण खर्च | २२६११ | १५००००००।०० | २०००००००।०० | १०००००००।०० |
| ३८ | भ्रमण खर्च | २२६१२ | १५००००००।०० | ३६६४३६।०० | ३००००००।०० |
| ३९ | विविध खर्च | २२७११ | ३०००००००।०० | २३००००००।०० | २०००००००।०० |
| ४० | सभा सञ्चालन खर्च | २२७२१ | २००००००।०० | ५०००००००।०० | ५००००००।०० |
| ४१ | धार्मिक तथा सांस्कृतिक सहायता | २५३१४ | ८००००००।०० | १०००००००।०० | १०००००००।०० |
| ४२ | अन्य सहायता | २५३१५ | ५१०००००।०० | ६००००००।०० | ५००००००।०० |
| ४३ | मदर्सा संचालन खर्च | २५३१४ | ०।०० | ७८०००००।०० | ७८०००००।०० |
| ४४ | कोरोना व्यबस्थापन,प्रतिरक्षा कोष | २२५२२ | ०।०० | ०।०० | ५०००००००।०० |
| ४५ | छात्रबृत्ति कार्यक्रम | २७२११ | ५०००००।०० | २००००००।०० | २२५०००।०० |
| ४६ | जग्गाभाडा | २८१४१ | ३५०००००।०० | ५००००००।०० | ४००००००।०० |
| ४७ | सवारी तथा मेशीनरी सामान भाडा | २८१४३ | १५००००००।०० | १५००००००।०० | १०००००००।०० |
| ४८ | घर भाडा | २८१४२ | १५००००००।०० | १५००००००।०० | १०००००००।०० |
| ४९ | जेष्ठ नागरीक उत्थान कार्यक्रम | २९२१९ | ९००००००।०० | ५००००००।०० | ५००००००।०० |
| ५० | अपाङ्ग प्रबर्धन कार्यक्रम | २२५२२ | ४००००००।०० | ४००००००।०० | ४००००००।०० |
| ५१ | उद्दम विकास कार्यक्रम | २२५२२ | ४००००००।०० | ८००००००।०० | ५००००००।०० |
| ५२ | दलित अल्प संख्यक मुस्लिम उत्थान कार्यक्रम | २२५२२ | ९००००००।०० | १५००००००।०० | १०००००००।०० |
| ५३ | कृषि विकास कार्यक्रम | २२५२२ | २४००००००।०० | २५००००००।०० | ५०००००००।०० |
| ५४ | पर्यटन पुर्वाधार विकार कार्यक्रम | २२५२२ | ३२९०००००।०० | ३५००००००।०० | १५००००००।०० |
| ५५ | पशु विकास संबन्धि कार्यक्रम | २२५२२ | १५००००००।०० | २०००००००।०० | २०००००००।०० |
| ५६ | महिलासंग उपमेयर कार्यक्रम | २२५२२ | ९००००००।०० | १०००००००।०० | १५००००००।०० |
| ५७ | वाताबरण तथा सरसफाइ कार्यक्रम | २२५२२ | ९००००००।०० | १००००००।० | ५०००००।० |
| ५८ | शिक्षा विकास कार्यक्रम | २२५२२ | ३०००००००।०० | २००००००।० | ५०००००।० |
| ५९ | स्वास्थ्य संबन्धि कार्यक्रम | २२५२२ | २६००००००।०० | २६०००००।० | १५०००००।० |
| ६० | आर्थिक सहायता तथा पुनर्थापन कार्यक्रम | २२५२२ | ९००००००।०० | २००००००।० | १५०००००।० |
| ६१ | भैपरीआउने चालु खर्च | २८९११ | ०।०० | १००००००।० | ५०००००।० |
| ६२ | उद्दार,राहत तथा पुनस्थापन खर्च | २२५२२ | ०।०० | ५०००००।० | १००००००।० |
| | | | | १२०२८२०००।० | ११३२९९०००।० |

# भीरकोट नगरपालीकाको आ.व.२०७७/०७८ को पुंजीगत अनुमानित बजेट

| सि.न. | बजेट रकम | आ.व. २०७७/०७८ | कैफियत |
|---|---|---|---|
| १ | प्रशासकीय भवन | १०००००००।० | |
| २ | क्रशर मेशी खरीद | ९००००००।० | |
| ३ | कार्यालय फर्निसिङ्ग | ६००००००।० | |
| ४ | संघप्रदेश समपुरक | २०००००००।० | |
| ५ | सवारी साधन | ४८०००००।० | |
| ६ | डिजीटल प्रोफाइल | २६०००००।०० | |
| ७ | सानो खोल्सा लिप्टिङ्ग | १५०००००।०० | |
| ८ | विपन्नसंग मेयर | २००००००।०० | |
| ९ | गौशाला व्यबस्थापन | ५०००००।०० | |
| १० | वडा भवन कार्यालय निर्माण | ३००००००।० | |
| ११ | मेयरसंग रोजगार | १००००००।०० | |
| १२ | जेष्ठ नागरी दिवा सेवा भवन | १५०००००।०० | |
| १३ | वडा कार्यालय जग्गा खरिद | १००००००।०० | |
| १४ | शिव पार्वती मन्दिर | १००००००।०० | |
| १५ | वडा पुर्वाधार | २२५०००००।०० | |
| १६ | नगरक्षेत्र पुर्वाधार | ८००००००।०० | |
| १७ | आ.ब. २०७७/०७८ को भुक्तानी बांकी | ४००००००।०० | |
| | | ९८४०००००।० | |

**अध्यक्ष महोदय**

भीरकोट नगरपालिकाको छैटौ नगर सभाको बजेट तथा कार्यक्रम निर्माण कार्यमा मार्गदर्शन दिने नगर सभा सदस्य राजनीतिक दल, प्रमुख तथा प्रतिनिधी भीरकोटवासी सम्पूर्ण बुबा, आमा, दाजुभाई, दिदीबहिनीहरु, नागरिक समाजका प्रतिनिधि, पत्रकार मित्रहरु र भीरकोट नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुबाट प्राप्त राय सल्लाह सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु। बजेटको कार्यान्वयनमा सोही अनुसारको रचनात्क एवं सकारात्मक सहयोगको अपेक्षा गर्दछु।

**धन्यवाद ।**

**सिमा के.सी कर्माचार्य**

**उप-प्रमुख**

**भीरकोट नगरपालिका**

**बयरघारी, स्याङ्गजा ।**